तनहुँ जिल्ला अदालतबाट जारी भएको

## सूचना

२०८० सालको नेपालीहरूको महान् चाड दिपावली एवं तिहार विदाका अवसरमा मिति २०८०।७।२६ गते लक्ष्मी पूजाको दिनदेखि मिति २०८०।७।३० गतेसम्म तनहुँ जिल्ला अदालत बन्द रहने हुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा २६ एवं जिल्ला अदालत नियमावली, २०७५ को नियम ५ मा व्यवस्था भएबमोजिम बन्दीप्रत्यक्षीकरण निवेदन सुनुवाइको लागि तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ बमोजिम पक्राउ पूर्जी अनुमति र जरूरी पक्राउ पूर्जी स्वीकृतिको लागिसमेत अदालत खुला हुने हुँदा उक्त अवधिमा पर्ने भाइ टीका र शनिबारको दिनबाहेक अन्य दिनमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन लिई सुनुवाइ गर्न बिहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म अदालत खुला रहने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मिति: २०८०।७।२४

२०८०।७।२४

(हरिश्चन्द्र गौतम)

नि. स्रेस्तेदार